१७ औं प्रतिदिन वार्षिकोत्सव

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१७ ।। अङ्क : ५९ ॥ २०८१ चैत २२ गते शुक्रबार (4th Apr 2025 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# अझै भेटिएनन् दुर्गा प्रसाई



झापा(प्रस)। तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईलाई पक्राउ गर्न राजधानीको दुईवटा टोलीसहित प्रदेश , जिल्ला र बिर्तामोडका प्रायः सबै सुरक्षाकर्मी लागिपरेका छन् । विगत पाँच दिनदेखि प्रहरीले झापामा दुर्गा प्रसाईको संभावित ठाउँहरुमा सर्च अपरेशन जारी राख्दा पनि सफलता प्राप्त गर्न सकेको छैन ।

प्रसाईको बीएण्डसी अस्पताल , उनी बस्ने घरलगायत संभावित सबै ठाउँहरुमा सुरक्षाकर्मीहरुले निरन्तर निगरानी गरिरहँदा प्रसाईलाई फेला पार्न नसकेका हुन् । तीनकुने घटनापछि प्रसाई भागेर गृहजिल्ला झापा आएको भन्दै राजधानीबाट अपराध अनुसन्धान विभाग र विशेष इन्टेलिजेन्स व्यूरोको दुईवटा टोली खटिएका छन् । त्यस्तै कोशी प्रदेश , जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय बिर्तामोडको टोलीहरु पनि परिचालित छन् । सबैतिर निगरानी गरिरहँदा अहिलेसम्म फेला पार्न नसकिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

देशभरि सुरक्षाकर्मी परिचालन भइरहँदा सुरक्षा निकायलाई चुनौती दिँदै प्रसाईंले आइतबार दिउँसो एउटा भिडियो पोस्ट गरेका थिए । जसमा उनले आफू काठमाडौंको एउटा मन्दिरमा रहेको दाबी गरेका थिए। यद्यपि, सुरक्षा एजेन्सीहरूले उक्त मन्दिर काठमाडौंमा नभएको पत्ता लगाए। नेपाल प्रहरीका एक अधिकारीले प्रसाईं मोटरसाइकलबाट रातारात भारत गएको हुन सक्ने बताए । ती प्रहरी अधिकारीले प्रसाईं हेटौंडा हुँदै भारत पुगेको र उनले नेपालको मन्दिरमा भएको दाबी गर्दै पोस्ट गरेको भिडियो भारतको मन्दिरमा छायांकन गरिएको दाबी गरेका छन्। यद्यपि, वरिष्ठ प्रहरी अधिकारीहरू यो दाबीप्रति विश्वस्त छैनन्। नेपाल प्रहरीका प्रवक्ता डीआईजी दिनेश आचार्यले प्रहरीले प्रसाईंको खोजी जारी राखेको बताएका छन् ।

आइतबार साँझ प्रहरी महानिरीक्षक (आईजीपी) दीपक थापाले सुरक्षा अधिकारीहरूलाई प्रसाईंलाई कुनै पनि हालतमा पक्राउ गर्न निर्देशन दिएका थिए । उनको कमान्डमा रहेका सबै निकायहरू उच्च सतर्कतामा छन्। सबै प्रहरी एकाइहरूले पाँच दिनसम्म निगरानी बढाए पनि अधिकारीहरूले प्रसाईंलाई अझै फेला पार्न सकेका छैनन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआइबी), विशेष ब्यूरो, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र काठमाडौं उपत्यका प्रहरी कार्यालयको "कार्यदल" ले उनको सक्रियतापूर्वक खोजी गरिरहेका छन्। सबै चेकपोस्टहरूमा प्रहरी बल तैनाथ गरिएको छ। केही अधिकारीहरूले प्रसाईं भारत भागेको हुन सक्ने आशंका गरेका छन् । एउटा प्रहरी एकाईले उनलाई पत्ता लगाउन भारतीय अधिकारीहरूसँग समन्वय गरिरहेको छ।

# आन्तरिक बसाइँसराइ दर २९ प्रतिशत



झापा(प्रस) । नेपालभित्र आफ्नो जन्मस्थान छोडी अर्को स्थानमा जाने (बसाइँसराइ दर) २ ९ प्रतिशतभन्दा बढी रहेको एक सरकारी अध्ययन प्रतिवेदनले देखाएको छ । राष्ट्रिय तथ्यांक कार्यालयको आन्तरिक बसाइँसराई प्रतिवेदनले नेपालमा २९.२ प्रतिशत आन्तरिक बसाईँसराइ रहेको र सबैभन्दा बढी ३२ प्रतिशत आन्तरिक बसाइँसराइ जनसंख्या पहाडमा देखिएको प्रतिवेदनले औँल्याएको छ ।

यस्तै, तराईबाट २८.९ प्रतिशत र हिमाली क्षेत्रबाट १३.८ प्रतिशत मानिस बसाइँसराइ गरेको देखिएको छ । 'आन्तरिक बसाइँसराइ गर्ने अत्यधिक ३७.६ प्रतिशत महिला छन् र पुरूषको सो दर २०.६ प्रतिशत छ,' प्रतिवेदनमा भनिएको छ, 'अन्यन्त्रबाट तराईमा बसाइ सर्ने जनसंख्या २०२८ मा ४ लाख १० हजार ६४ थियो । २०७८ मा यो संख्या बढेर २० लाख ८४ हजार ५ सय ५ जना पुगेको छ ।' यस्तै, हिमाली क्षेत्रमा बसाइँ सरी जाने संख्या २०२८ मा ९ हजार ६ सय ९८ (२.२५) रहेकोमा ०७८ मा ७५ हजार ५ सय ४२ देखिएको छ । तर, त्यो क्षेत्रबाट अन्यत्र सरी जाने संख्या अत्यधिक रहेकाले खुद बसाइँसराइ ५ लाख ४३ हजार ९ सय ६६ ले ऋणात्मक रहेको प्रतिवेदनले औल्याएको छ ।

'हिमाली क्षेत्रमा बसाइँ सरी आउनेभन्दा त्यस क्षेत्रबाट अन्यत्र सरेर जाने अधिक छ,' प्रतिवेदनमा भनिएको छ, 'पहाडी क्षेत्रमा वि.सं. २०२८ मा ६ प्रतिशतले बसाइँसराइ गरेको देखिएकोमा ०७८ मा ३० प्रतिशत देखिएको छ, जुन वास्तवमा पहाडी क्षेत्रको काठमाडौं, पोखरा र चितवनमा सरी जानेका संख्याले प्रभावित भएको हो ।'

प्रदेश अनुसारको आन्तरिक बसाइँसराइको आयतनलाई अध्ययन गर्दा २०७८ मा कुल २१ लाख ४२ हजार ३ सय ६३ जनाले एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँसराइ गरको प्रतिवेदनले देखाएको छ । जसमा महिला ११ लाख ५४ हजार नौ सय नौ र पुरूष ९ लाख ८७ हजार ४ सय ५४ रहेका छन् ।

सो अवधिमा बागमती प्रदेशमा बसाइँसराइ गरी आउने ११ लाख ५० हजार ६ सय २६ छ । गण्डकीमा खुद ३ लाख ४३ हजार ५० जना बराबर ऋणात्मक र कोशी प्रदेशमा पनि ३ लाख १८ हजार ७ सय ९६ जनाले गर्दा खुद बसाइँसराइ ऋणात्मक भएको प्रतिवेदनमा उल्लेख छ ।

बागमती प्रदेशमा बसाइँसराइ गर्नेको संख्या थपिएको तर गण्डकी र कोशी प्रदेशमा खुद बसाइासराइ गर्नेको संख्या ऋणात्मक देखिएको छ । कुल बसाइँसराइ गर्ने व्यक्तिहरूको प्रथम छनौट बागमती प्रदेश नै देखिएको छ जहाँ ५७.३ प्रतिशत पुरूष र ५०.६ प्रतिशत महिला अन्यत्रबाट सरेर आएका देखिन्छन् । 'बागमतीबाहेक अन्य छ प्रदेशमा बसाइँ सर्नेको संख्यामा महिला अधिकतम रहेका छन् ।

एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँ सर्नेमध्ये सबैभन्दा बढी गण्डकीमा देखिन्छन् जहाँबाट पुरूष २३.५ प्रतिशत र महिला २५.७ प्रतिशत गएका देखिन्छन्,' प्रतिवेदनमा भनिएको छ, 'कोशी प्रदेशबाट १७.६ प्रतिशत पुरूष र २० प्रतिशत महिला बसाइँ सरेर गएका देखिन्छन् ।'

यस्तै, अन्तरजिल्ला बसाइँसराइको तथ्याक विश्लेषण गर्दा ०७८ मा मूलथलोका २० प्रतिशतले स्थायी आन्तरिक बसाइँसराइ गरेको देखिएको छ । विसं २०१८ मा यो मान ४.७ प्रतिशत मात्रै थियो ।

'देशका ७७ ओटै जिल्लाको तुलनात्मक विश्लेषण गर्दा १८ ओटा जिल्लाले आफ्नो जिल्लामा जन्मिएका २० प्रतिशत जनसंख्या गुमाएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'कुनै पनि जिल्लाबाट बाहिर बसाइँसराइ नगरेको भन्ने स्थिति छैन । बाह्र ओटा जिल्ला पर्सा, रौतहट, नवलपरासी (पूर्व), भक्तपुर, नवलपरासी (पश्चिम), ललितपुर, कञ्चनपुर, काठमाडौँ, कैलाली, रूपन्देही, बाँके र कपिलस्तुबाट १० प्रतिशतभन्दा कम अन्यत्र जिल्लामा बसाइँसराइ गरी गएका भेटिन्छन्।'

यसैगरी, वि.सं. २०७८ को जनगणनाअनुसार काठमाडौं जिल्लामा ५७.२ प्रतिशत बसाइँसराइ गरी आएका छन् । भक्तपुरमा ५०.२ प्रतिशत र ललितपुरमा ४६.२ प्रतिशत छन् जुन स्थायी बसोबासको सबैभन्दा उच्च दर हो । यी तीन जिल्लाबाहेक १६ जिल्लामा खुद बसाइँसराइदर धनात्मक देखिन्छ । तर, ५८ जिल्लाहरूको खुद आन्तरिक बसाइँसराइदर ऋणात्मक देखिन्छ अर्थात् बसाइ सरी आउनेभन्दा जाने नै अधिक रहेको प्रतिवेदनले औल्याएको छ ।

यस्तै, २०७८ को जनगणनाले इङ्गित गरेअनुसार बसाइँ सरेकामध्ये २५.९ प्रतिशत आश्रित भएर, २४.९ प्रतिशत विवाहको कारणले, १९.२ प्रतिशत कामको अवसरका लागि र १४.१ प्रतिशत अध्ययन तालिमका कारणले सरेका देखिन्छ ।

'तराईमा बसाइँ सरेकामध्ये ३१.३ प्रतिशत विवाह र २६.७ प्रतिशत आश्रित भएर गएको देखिन्छ । प्रदेशगत रूपमा विश्लेषण गर्दा बागमती र गण्डकीमा कामको अवसर प्रमुख कारण छन् भने बाँकी पाँच प्रदेशहरूमा विवाह नै प्रमुख कारण रहेको छ,' प्रतिवेदनले भनेको छ, 'वास्तवमा बसाइँसराइको कारण उमेर समूहअनुसार निकै नै भिन्न छन् । चार वर्षभन्दा मुनिका र ७५ वर्षभन्दा माथिका व्यक्ति आश्रित भएकोले परिवारसँग बसाइँ सरेका छन् भने २०-२४ वर्षका महिला विवाहको कारणले र ३५-३९ वर्ष उमेर समूहमा अधिकतम कामको कारणले सरेको देखिएको छ ।'

# टिकादेवीले आफ्नो पेटमा आफैले खुकुरी रोपिन्



झापा(प्रस)।झापा कन्काई नगरपालिकाकी एक महिलाले आफ्नो पेटमा आफैले खुकुरी रोपेकी छन् ।

बुधवार साँझ ७.३० बजे कनकाई नगरपालिका वडा नं ७ दुर्गापुर बस्ने नारायण घतानीकी श्रीमती अन्दाजी ४० वर्षीया टिकादेवी लकान्द्रीले आफ्नो पेटमा आफैले खुकुरी रोपेकी हुन् । आफैलाई खुकुरी हान्नुपर्ने कारण खुलिसकेको छैन । घाइते अवस्थामा श्रीमानले देखेर बीएण्डसी अस्पताल बिर्तामोडमा ल्याई उपचार गराइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# कमलको सगरमाथा ग्यारेजमा आगलागी

झापा(प्रस) । झापाको कमल गाउँपालिका वडा न. ५ मा रहेको सगरमाथा ग्यारेजमा आगलागी भएको छ ।

लवडाँडाबाट ५० मिटर भित्र गेटबाँधमा सञ्चालनमा रहेको सो ग्यारेजमा बुधवार गएराति अन्दाजी १० बजे कोही नभएको अवस्थामा अचानक आगलागी भएको हो । आगलागीवाट सोही ग्यारेजमा विगत ८/९ महिनादेखि मर्मतको लागि राखेको बा १ ज ९६६७ नम्बरको भ्यान पूर्णरुपमा जलेर नष्ट भएको छ। इलाका प्रहरी कार्यालय दमकको प्रहरी टोली, कमल गाउँपालिका र दमक नगरपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

# कृषि नीतिमा आत्मनिर्भरतालाई जोड दिन सुझाव

झापा(प्रस) ।नयाँ बन्ने कृषि नीतिले आत्मनिर्भरता, आधुनिकीकरण, व्यवसायीकरण र प्रतिस्पर्धी उत्पादनलाई जोड दिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । खाद्यका लागि कृषि अभियानले सरोकारवाला निकायबिच कृषि नीति, २०८१ को मसौदामाथि गरेको छलफलमा उनीहरूले आत्मनिर्भर र व्यावसायिकतालाई जोड दिनुपर्ने बताएका हुन् ।

नयाँ बन्ने नीतिले आत्मनिर्भरता, आधुनिकीकरण, व्यवसायीकरणमार्फत प्रतिस्पर्धी कृषि प्रणालीको विकास गरी व्यापार सन्तुलनमा सुधारमा जोड दिनुपर्ने बताइएको छ । सो अवसरमा कृषिविज्ञ डा. कृष्ण पौडेलले जलवायु परिर्वतन, कोभिड सङ्कट र खाद्य सङ्कटलाई न्यूनीकरण गर्ने गरी नीति ल्याउनुपर्ने बताए । नीति बनाउने ढाँचा

परम्परागत रहेकाले समय अनुसार परिमार्जन गर्दै जानुपर्ने उनको भनाइ छ । खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले अब बन्ने कृषि नीतिले आत्मनिर्भरतालाई जोड दिई मौलिक एवं समयसान्दर्भिक हुनुपर्ने उनको भनाइ छ । राम्रा नीति बने पनि कार्यान्वयन पक्ष कमजोर रहेकाले कार्यान्वयन हुने गरी नयाँ नीति बनाउनुपर्ने उनको भनाइ छ । सो अवसरमा सांसद सम्झना थपलियाले परम्परागत खेती प्रणालीले उत्पादन र उत्पादकत्व वृद्धि नहुने हुँदा नयाँ नीतिमा आधुनिक खेती प्रणाली अवलम्बन गर्नुपर्ने बताइन् ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले सरोकारवाला निकायको सुझाव समेटर नयाँ नीति तयार गरिने बताए । कृषि क्षेत्रको दिगो रूपान्तणका माध्यमबाट अहिलेको समग्र अर्थतन्त्रलाई स्वतन्त्र, समावेशी, आत्मनिर्भर बनाउन नयाँ नीति तयार गर्न लागिएको उनले जानकारी दिए ।

# कुकुरले टोकेर घाइते वृद्धको मृत्यु

झापा(प्रस) । मोरङको बेलबारीमा बाटो हिँड्दै गर्दा कुकुरले टोकेर घाइते भएका एकजना वृद्धको बिहीबार मृत्यु भएको छ। प्रहरीका अनुसार मोरङको मिक्लाजुङ गाउँपालिका-६ मगर टोलका अन्दाजी ६२ वर्षीय गौडे भनिने कृष्णबहादुर मगरको मृत्यु भएको हो।

मगरलाई बेलबारी नगरपालिका-१० भाउन्नेमा छाडा कुकुरले बिहीबार बिहान ९ बजेतिर टोकेर घाइते बनाएको थियो। बेवारिसे कुकुरले टोकेपछि उनी सडकमा रक्ताम्य भएर लडेका थिए।

बेलबारी-१० का वडाध्यक्ष गंगाबहादुर याक्खाका अनुसार सडकमा रक्ताम्य अवस्थामा लडिरहेको देखेपछि उद्धार गरेर उपचारका लागि पठाइएको हो। मगर केही समययता भाउन्ने क्षेत्रमै बस्दै आएका थिए। बाटो हिँड्दै गर्दा अचानक बेवारिसे कुकुरले टोकेर उनी



घाइते भएको वडाध्यक्ष याक्खाले बताए। स्थानीय प्रत्यक्षदर्शीले सुरुमा घटनाको जानकारी गराएको र पछि सीसी क्यामेरा फुटेज हेर्दा पनि कुकुरले टोकेको देखिएको उनको भनाइ छ।

याक्खाका अनुसार दायाँ खुट्टाको पिँडुलामा टोकेर मगरलाई गम्भीर घाइते बनाएपछि घटनास्थलबाट कुकुर भागेको थियो। सडकमा लडिरहेका मगरलाई सुरुमा उद्धार गरेर उपचारका लागि नगर अस्पताल बेलबारी लगिएको थियो। त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि विराटनगरको कोशी अस्पताल लगियो।

अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेको मोरङ प्रहरी प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए। उनका अनुसार कुकुरले टोकेर लागेको चोटबाट अत्यधिक रक्तश्राव भएका कारण मगरको मृत्यु भएको चिकित्सकले बताएका छन्।

शवलाई पोस्टमार्टमका लागि कोशी अस्पतालमै राखिएको छ। परिवारका सदस्य सम्पर्कमा आइसकेको र शुक्रबार पोस्टमार्टम गरेर शव जिम्मा लगाइने प्रहरीको भनाइ छ। प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# पाँचथरमा डढेलो निभाउने एकको मृत्यु, ३ घाइते

झापा(प्रस)। पाँचथरको कुम्मायक गाउँपालिकाको जंगलमा डढेलो निभाउने क्रममा एकजनाको मृत्यु भएको छ भने ३ जना गंभीर घाइते भएका छन् ।



बिहीवार दिउँसो कुम्मायक ३ ताम्राखुस्थित अमर थापा र पदन खड्कालगायतका निजी वनमा डढेलो लागेको थियो । डढेलोबाट हातीपोखरी बस्ने ४ जना घाँस, काट्न जाने क्रममा जलेर घाइते भएकोमा एकजनाको उपचारका क्रममा मृत्यु भएको हो । हातीपोखरी बस्ने २२ वर्षीया प्रतिमा सम्वाहाम्फेलाई थप उपचारको लागि धरान लगिएकोमा चेकजाँच गर्ने क्रममा डाक्टरले मृत घोषणा गरेका हुन् । त्यस्तै २८ वर्षीया सपना सम्वाहाम्फे ,उनकी छोरी ११ वर्षीया शिवाना सम्वाहाम्फे , ६० वर्षीया निरमाया सम्वाहाम्फे घाइते छन् । गंभीर अबस्थाका उनीहरुको धरानमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# बम आतंक फैलाउने कन्काईका खरेल र थापा पक्राउ

झापा(प्रस)। गत पुस १६ गते इटहरी उप महानगरपालिकाको गेट अगाडि बम राखेको भन्दै आतंक फैलाउने २ जना पक्राउ परेका छन् । प्रहरीको विशेष टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा झापाको कन्काई नगरपालिका- ८ का ४६ वर्षीय सञ्जय भनिने खगेन्द्र खरेल र लक्ष्मीदेवी थापा छन् । इटहरीमा बम राखेको आतंक फैलाएर भारतमा लुकीछिपी बसेका खरेल र थापालाई भारतमा लुकिछिपी बसेको अवस्थामा प्रहरीले केही दिनअघि पक्राउ गरेको हो ।

भारतबाट पक्राउ गरेर बुधवार रातिमात्र सुनसरी भान्टाबारी नाकाबाट नेपाल ल्याइएको प्रहरीले जनाएको छ । पक्राउ परेका खरेलले पुस १६ गते इटहरी उपमहानगरको गेट अगाडि र सुनसरी र मोरङ जोड्ने बुढीखोलाको पुलमा बम राखेको हल्ला फिजाएका थिए । प्रहरीका अनुसार खरेलले नै विस्फोटक पदार्थ राखेको भन्दै प्रहरीलाई म्यासेजमार्फत खबर गरेका थिए ।

म्यासेज आएपछि प्रहरी पुग्दा शङ्कास्पद वस्तु फेला परेको थियो । शंकास्पद वस्तु निष्क्रिय गर्न पुगेको नेपाली सेनाको टोलीले यी दुवै स्थानमा राखिएका वस्तु बम नभएको पत्ता लगाएको थियो । बम भनेर हल्ला फैलाएको आरोपमा आरोपमा प्रहरीको अनुसन्धान ब्युरोले दुई जनालाई पक्राउ गरेको हो । प्रहरीले खरेल र थापा सुनसरी र झापामा पटक पटक विष्फोट पदार्थ राख्ने र हल्ला फैलाउने कार्यमा संलग्न रहेको प्रदेश प्रहरी कार्यालय कोशीका प्रहरी वरिष्ठ उपरीक्षक भीम दाहालले बताए ।

दाहालका अनुसार पुस १६ गते भने खरेलले म्यासेजमार्फत बम राखेको भनेर प्रहरीलाई नै खबर गरेका थिए । खबर पछि प्रहरीको टोली इटहरी उप महानगरपालिका र बुढी खोला पुग्दा शङ्कास्पद वस्तु फेला परेको थियो । यसरी फेला परेका शङ्कास्पद वस्तु बम नभई आतङ्क सिर्जना गर्नलाई बनाइएको सामग्री रहेको पुष्टि भएको थियो । यी दुई स्थानमा बम राखेको सूचना दिएर खरेल भागेर भारत पुगेका थिए । प्रदेश प्रहरी कार्यालय कोशीका प्रहरी बरिष्ठ उपरीक्षक दाहालले घटनामा संलग्न रहेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरिएको बताए । उनले भने, 'उनीहरूलाई प्रहरीले पक्राउ गरेर ल्याएको छ ।'



खरेल २०७६ वैशाख २८ गते गोर्खा जनमुक्ति पार्टीको नाममा झापाको कनकाई नदी पुलमा बम राखेको आरोपमा पक्राउ परेका थिए । २ वर्ष पाँच महिना कैदपछि झापा कारागारबाट उनी छुटेका थिए ।

२०७८ माघ माघ ९ गते बिर्तामोडस्थित पश्चिम बस स्टेन्ड र माघ १३ गते दमकस्थित सिवान चर्चमा हिमाल सुरक्षा परिषद्को पर्चासहित प्रेसर कुकर बम राखेको घटनामा उनी पक्राउ परेका थिए । बम राखेर जनजीवन त्रसित पार्ने कार्यमा उनीहरूकै संलग्नता देखिएपछि जिल्ला प्रहरी कार्यालयले उनीहरूलाई पक्राउ गरेको थियो ।

जेलबाट छुटेलगत्तै खगेन्द्रले विभिन्न नक्कली फेसबुक आइडी र ग्रुपको निर्माण गरेर संवैधानिक राजतन्त्र, हिन्दू राष्ट्र, एमसीसी खारेजको माग राख्दै प्रचार सामग्री बनाएर प्रचार गरेका थिए । यसपछि उनले हिमाल सुरक्षा परिषद् नामक पार्टी नामकरण गरेर बम राखेको हल्ला फिजाउँदै आएका थिए ।

हिमाल सुरक्षा परिषदका नाममा उनले २०७८ चैत १४ इटहरी उपमहानगर- २ स्थित नवजागृति टोलको एक घरमा सुतली बम विस्फोट गराएका थिए ।

सो घटनामा खरेल पुनः पक्राउ परेका थिए । सुतली बम विस्फोटको घटनामा अहिले पक्राउ परेकी थापाको पनि संलग्नता देखिएको थियो । थापाकै घरमा राखेको सुतली बम विस्फोट हुँदा रविन थापा र लमजुङका शेरजंग गुरुङ घाइते भएका थिए । यो घटनामा इटहरी प्रहरीले खरेलसहित ४ जनालाई पक्राउ गरी कारागार चलान गरेको थियो ।

कारागारबाट छुटेपछि खरेल आफैले पुस १६ गते इटहरी उपमहानगरपालिका अगाडि र बुढी खोला पुलनजिक बम राखेको भन्दै आतंक फैलाएका थिए । पक्राउ परेका खरेल र थापासँग थप अनुसन्धान भइरहेको दाहालले बताए ।

# वायु प्रदूषण बढेपछि सतर्कता अपनाउन आग्रह

झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यकामा वायु प्रदूषण बढेसँगै उच्च सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ । मन्त्रालयले बिहीवार प्रेस विज्ञप्ति जारी गर्दै विश्वको वायु गुणस्तर मापन गर्ने एयर क्वालिटी इन्डेक्स (एक्युआई) सूचकाङ्क अनुसार केही दिनदेखि नेपाल अत्यधिक प्रदूषित देशको सूचीमा परेकाले सतर्कता अपनाउन सबैलाई अनुरोध गरेको हो ।

एक्युआई मापनअनुसार शून्यदेखि ५० सम्म 'स्वच्छ', ५१ देखि एक सयसम्म 'सामान्य', एक सय एक देखि एक सय ५० सम्म 'सम्भावित जोखिम', एक सय ५१ देखि दुई सयसम्म 'अस्वस्थकर', दुई सय एकदेखि तीन सयसम्म ' अत्यधिक अस्वस्थकर' र तीन सय एकभन्दा माथि 'खतरनाक' मानिन्छ । हाल काठमाडौँमा वायु प्रदूषणकोस्तर तीन सय ४८ एक्यूआई पुगी ' खतरनाक' श्रेणीमा पुगेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले हालको वायु प्रदूषणका कारण दम, फोक्सोसम्बन्धी रोग, आँखाको समस्या, नाक र घाँटीमा एलर्जी, छालामा समस्या, हृदय रोग तथा दीर्घकालीन स्वास्थ्य समस्या देखिनसक्ने भएकाले संवेदनशील समूहमा पर्ने बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीर्घरोगीलाई विशेष सतर्कता अपनाउन सुझाव दिए ।

स्वास्थ्य मन्त्रालयले अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन, यात्रा गर्दा अनिवार्य रूपमा मास्क लगाउन र अत्यधिक प्रदूषण भएका क्षेत्रमा नजान सर्वसाधारणमा अनुरोध गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वायु प्रदूषण नियन्त्रण गर्न सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्न, स्वास्थ्यमा विशेष सतर्क रहन अनुरोध गरेको छ । गर्मी मौसम बढ्दै जाँदा बढ्दो वन डढेलो, सडक निर्माण, औद्योगिक क्रियाकलापलगायत कारणले वायु प्रदूषणकोस्तर उच्च हुँदै गएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी समस्या, आँखा पोल्ने, एलर्जी, टाउको दुख्नेलगायत स्वास्थ्यमा समस्या बढ्नसक्ने उल्लेख गरेको छ । यसै सन्दर्भमा जनतासँगै उद्योग, व्यवसाय, निर्माणसम्बन्धी काम सञ्चालन गरिरहेका निकायलाई वायु प्रदूषण न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

सार्वजनिक यातायातको कम प्रयोग, फोहरको उचित व्यवस्थापन, निर्माण कार्यमा धुलो रोकथाम गर्ने उपाय अवलम्बन गर्न तथा वन डढेलो नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय र प्राधिकरणले सम्बन्धित निकायलाई अनुरोध गरेको छ ।

प्राधिकरणले सम्बन्धित निकायलाई वायु प्रदूषणमापन गरी तत्काल सुधारका उपाय अपनाउन सरकारमार्फत निर्देशन दिएको छ । साथै, विपद् न्यूनीकरण प्राधिकरणले आमनागरिकलाई व्यक्तिगत सावधानी अपनाउन, मास्कको प्रयोग गर्न र स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गर्न आग्रह गरेको छ ।

# विचारविहीन व्यक्ति पत्रकार हुन सक्तैनः एमाले नेता ओली




झापा(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य रोमनाथ ओलीले पत्रकारहरुलाई बोल्ने कार्य कम गरी लेखेर विचार, दृष्टिकोण एवम् सन्देशहरु प्रवाह गर्नुपर्ने सुझाव दिएका छन् ।

एमालेको जनसंगठन प्रेस चौतारी नेपाल झापा जिल्ला कमिटीको बिहीवार बिर्तामोडमा आयोजित विस्तारित बैठकलाई सम्बोधन गर्दै पार्टीका जिल्ला इन्चार्जसमेत रहेका ओलीले यस्तो सुझाव दिएका हुन् । 'पत्रकारले राजनीति गर्न हुँदैन भन्ने कुरा म यदाकदा सुन्ने गर्छु' प्रशिक्षणात्मक मन्तब्यमा नेता ओलीले भने, 'समाचारमा राजनीतिक पक्षपोषण नगरी सन्तुलनमा राखेर प्रस्तुत गर्नुपर्छ तर विचार निर्माणका लागि राजनीतिक ज्ञान भएन भने यस्तो पत्रकारले उत्कृष्ट सामग्री पस्कनै सक्तैनन् ।'

'आज कतिपय आमसञ्चार माध्यमहरु र सामाजिक सञ्जालमा बहुदलीय व्यवस्थाप्रति वितृष्णा उत्पन्न हुने खालका समाचार सामग्रीहरु प्रकाशन प्रसारण हुने गरेका छन् । यसलाई हेरेर, पढेर, सुनेर कतिपय मानिसहरु अहिलेको व्यवस्था नै खराब हो भन्न पनि थालेका छन्' एमाले केन्द्रीय सदस्य ओलीले भने, 'यस विषयलाई एउटै डालोमा राखेर हेर्न मिल्दैन, 'समष्टी' र 'बेष्ठी'मा विभक्त गरी बुझाउन आवश्यक छ ।

पार्टीको प्रदेश कमिटीले आगामी चैत ३० गते दमकमा आयोजना गरेको जागरण सभामा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री के पी शर्मा ओलीले सम्बोधन गर्ने जानकारी गराउँदै जिल्ला इन्चार्ज ओलीले आजको धुमिल राजनीतिका विषयमा केन्द्रीय नेतृत्वले प्रष्ट पार्ने बताए ।

सो बैठकमा पार्टी प्रदेश कमिटीका सदस्य तथा प्रेस चौतारीका इन्चार्ज गणेश पोखरेलले पछिल्लो समय कपीपेष्ट पत्रकारिता मौलाएको बताउँदै 'बाइलाइन' समाचार उत्पादनमा ध्यान दिन सुझाए । उनले बहुदलीय व्यवस्था र अहिलेको गणतन्त्रात्मक राज्य व्यवस्थाभन्दा त पञ्चायत नै राम्रो थियो भन्नेहरुको मुख बुझो लाग्ने गरी कम्तीमा २०७४ सालपछि मुलुकमा भइरहेको आमुल परिवर्तनका विषयवस्तुहरु पस्कन सक्नुपर्ने औंल्याए ।

प्रेस चौतारी झापा जिल्ला कमिटीका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा आयोजित विस्तारित बैठकले चैत १५ गते काठमाडौंमा रिपोर्टिङकै क्रममा रहेका पत्रकार सुरेश रजकलाई जलाएर हत्या गर्नेको पहिचान गरी कारबाही गर्न सरकारसँग माग गरेको छ । बैठकमा नेपाल पत्रकार महासंघ झापा शाखाका उपाध्यक्ष सुब्रत न्यौपानेले पत्रकार सुरेश रजक हत्या काण्डबारे छानविन गरी दोषीलाई कारबाही गर्न गरिएको दबावमुलक आन्दोलनबारे जानकारी गराए । उनले २०८१ चैत मसान्तभित्र सदस्यता नवीकरण गरिसक्नुपर्ने समयसीमा पनि पत्रकारलाई स्मरण गराएका छन् ।

सो बैठकमा प्रेस चौतारी नेपालको चैत १०-१२ मा सम्पन्न १०औं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय समितिमा सर्वसम्मत निर्वाचित सदस्यहरुलाई बधाई ज्ञापन गरिएको थियो ।

बैठकले आगामी बैशाख ६ गते शनिबार र ११ गते बिहीबार वार्षिक कार्ययोजनामा समेटिएका दुईवटा रचनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि उपसमिति गठन गरेको छ । संगठनका सचिव युवराज आचार्यले सहजीकरण गरेको बैठकमा आमन्त्रित पार्टी नेतृत्व, संगठनको नेतृत्व एवम् सहभागीहरुलाई उपाध्यक्ष सुनिरा मैनालीले शब्दले स्वागत गरेकी थिइन् ।

# स्वास्थ्य शिविरमा १ सय ७४ जनाले लिए सेवा

बिर्तामोड(प्रस)। 'हाम्रो बिर्तामोड स्वस्थ बिर्तामोड' भन्ने मुल नाराका साथ बिर्तामोड नगरपालिका वडा नम्बर १ ले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा १ सय ७४ जनाले सेवा लिएका छन् ।

वीएण्डसी र पूर्वाञ्चल क्यान्सर हस्पिटलको प्राविधिक सहयोगमा वडा कार्यालय भवनमा आयोजित शिविरमा फिजिसियन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ सेवासंगै ईसिजी परीक्षण, भिआईए र रक्तचाप चेकजाँच लगायतका सेवाहरु प्रदान गरिएको छ ।

सोही कार्यक्रमका विच स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर र लागूऔषध दुर्व्यसनी विरुद्दको सचेतना कार्यक्रमसमेत सम्पन्न भएको छ ।



कार्यक्रमका प्रमुख अतिथि नगरका कार्यबाहक नगर प्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रेसर जाँच गरेर शिविरको उद्घाटन गरेका थिए ।

उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि संग्रौलाले स्वास्थ्य विमा अनिबार्य गर्न सबैलाई आग्रह गरे । बिर्तामोड नगर अस्पताललाई सुविधा सम्पन्न बनाउन नगरपालिकाले काम गरिरहेको भन्दै उनले आगामी वर्षदेखि २४ सै घण्टा सेवा उपलब्ध गराउने प्रयास रहेको जानकारी दिए । उनले नियमित स्वास्थ्य परीक्षण गर्न सबैलाई आग्रह गरेका छन् ।

यस्तै कार्यक्रममा बोल्दै नगरका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले अस्वस्थ खानपानका कारण दिनानुदिन ठुला रोगीको संख्या बढ्दै गएको बताए । विषादी प्रयोग गरिएका सागसब्जीको कारण प्राणघातक रोगहरु लाग्ने गरेको भन्दै उनले बिर्तामोड नगरपालिकाले अर्गानिक तरकारी उत्पादनमा जोड दिँदै आएको जानकारी दिए।

यस्तै नगरका प्रवक्तासमेत रहेका वडा नम्बर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले लागूऔषध दुर्व्यसनीका कारण पनि विभिन्न रोगहरु लाग्ने भएका कारण स्वास्थ्य शिविरसंगै सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । उनले वडाका नागरिकको लागि आगामी दिनमा यस प्रकारको शिविर अझै सञ्चालन गर्ने बताए। कार्यक्रममा कार्यपालिका सदस्य यमुना आचार्यले स्वागत तथा वडा सचिव जानुका बस्नेतले सञ्चालन गरेका थिए ।

# २१ लाखसहित हुण्डी कारोबार गर्ने महिला पक्राउ

झापा(प्रस) । अवैध हुण्डी कारोबार गर्ने एक महिला करिव २१ लाख रुपैयाँसहित राजधानीमा पक्राउ परेकी छन् । बुधवार साँझ अन्दाजी ५:३० बजे काठमाण्डौ महानगरपालिका वडा नं. २७ स्थित महाबौद्ध इलाकामा हुण्डीको अबैध कारोबार भइरहेको सूचनाको आधारमा प्रहरी वृत्त जनसेवाबाट प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दको कमाण्डमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा तिब्बत स्थायी वतन भई हाल सुजा-३ जोगिन्दर नगर, मडी भारत ठेगाना भई काठमाण्डौ महानगरपालिका वडा नं. ६ बौद्ध बस्ने २६ वर्षीया रिक्शे वाङ्मो रहेकी छन् । शंकास्पद गतिविधि गरिरहेकी ती महिलालाई खानतलासी गर्दा उनको साथबाट नेपाली नगद रु. २० लाख ९२ हजार रुपैयाँ र एक थान मोवाईल फेला परेको थियो । सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको प्रहरी नायव उपरीक्षक चन्दले जानकारी दिएका छन् ।

## डढेलो नियन्त्रण गरौं जीवन र वन जोगाऔं ।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिनः

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# डढेलो रोक्न सतर्क बनौं

नेपालमा हरेक वर्ष वसन्त ऋतु सुरु भएसँगै वन डढेलोको समस्या विकराल रूप लिने गर्छ। सुख्खा मौसम, हावाहुरी, र मानवीय लापरवाहीका कारण देशभरका वन क्षेत्रमा आगलागी हुने क्रम बढिरहेको छ। पछिल्लो एक साताको तथ्यांकलाई नै हेर्ने हो भने पनि ७ चैतमा ९३ स्थानमा वन डढेलो लागेको थियो । यसैगरी ९ चैतमा २० स्थानमा र १२ चैतमा ६३ स्थानमा वन डढेलो लागेको तथ्यांक पाइन्छ । यसरी वन डढेलोको संख्या क्रमशः बढीरहेको देखिन्छ । वन डढेलोले वनस्पति तथा वन्यजन्तु मात्र होइन, मानव बस्ती, कृषि क्षेत्र, र जनस्वास्थ्यमा समेत गम्भीर असर पारिरहेको छ । वन डढेलोको मुख्य कारण प्राकृतिक भन्दा बढी मानवीय गतिविधि रहेको देखिन्छ। चरनका लागि घाँस डढाउने, मह काढ्न आगो प्रयोग गर्ने, असावधानीपूर्वक फालिएका जलनशील पदार्थ, तथा खुला क्षेत्रमा बनाइएका आगोका कारण डढेलो फैलिने गरेको पाइन्छ। साथै, जलवायु परिवर्तनको प्रभावका कारण तापक्रम वृद्धिले सुख्खा मौसम लम्बाउँदै डढेलोको जोखिम बढाएको छ। वन डढेलो नियन्त्रण गर्न समयमै सतर्कता अपनाउनु अत्यावश्यक छ। यसका लागि सरकार, स्थानीय समुदाय, तथा सरोकारवालाबीच समन्वय आवश्यक छ। डढेलो रोकथामका लागि जनचेतना अभिवृद्धि, वन निगरानी र द्रुत प्रतिकार प्रणालीको स्थापना, कानूनी प्रबन्धको प्रभावकारी कार्यान्वयन, स्थानीय समुदायको सहभागिता र व्यवस्थित वन व्यवस्थापन जस्ता उपायहरू अवलम्बन गर्नुपर्छ। स्थानीय समुदायलाई वन डढेलोको असर तथा रोकथामका उपायबारे सचेत पार्न प्रचार–प्रसार, तालिम तथा समुदाय स्तरमा कार्यक्रम सञ्चालन गर्नुपर्छ। जोखिमयुक्त क्षेत्रमा आगलागी पहिचान गर्न आधुनिक प्रविधिको प्रयोग गरी निगरानी गर्नुपर्छ। डढेलो सुरु भए तुरुन्त नियन्त्रण गर्न द्रुत प्रतिकार टोली परिचालन गर्नुपर्छ। वन डढेलो फैलाउनेहरूलाई कारबाही गर्ने कानूनी प्रबन्ध कडाइका साथ लागू गरिनुपर्छ।

वन संरक्षण समितिहरू, सामुदायिक वन उपभोक्ता समूह तथा स्वयंसेवकहरूको संलग्नता बढाएर डढेलो नियन्त्रणका उपायहरू प्रभावकारी बनाउन सकिन्छ। वनभित्र सुख्खा पात, झाडी सफाइ, र आगलागी रोक्ने संरचनाहरू निर्माण गर्न आवश्यक छ। साथै, सरकारको भूमिका पनि महत्त्वपूर्ण रहन्छ। सरकारले प्रभावकारी वन नीति अवलम्बन गर्नुपर्छ, वन निगरानी तथा अनुसन्धानमा प्रविधिको अधिकतम प्रयोग गर्नुपर्छ, तथा आपत्कालीन उद्धार तथा राहतका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नुपर्छ। स्थानीय तहदेखि संघीय सरकारसम्मको समन्वय र साझेदारी आवश्यक छ ताकि वन डढेलो नियन्त्रण तथा रोकथाम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सार्वजनिक खरिद प्रक्रियामा दुविधा



• भरत गौतम

सेवा प्रवाह प्रभावकारी बनाउने पहिलो शासकीय सर्त हो । सेवा प्रवाह चुस्त दुरुस्त र भरपर्दो एवं नागरिक मैत्री बनाउने जमर्कोमा राज्य सक्रिय हुनु पर्छ । सेवाको प्रभावकारिताबाट राज्यको शासकीय स्तर जाँच्न सकिन्छ । सार्वजनिक सेवा प्रवाहका लागि विधि, वस्तु तथा समानको उपलब्धता र सार्वजनिक पूर्वाधारको गुणस्तर एवं सहजता, सार्वजनिक सेवा प्रवाह गर्ने संयन्त्रको कार्यकुशलता र प्रविधिमैत्री जनशक्ति महत्वपूर्ण विषय हुन् । सार्वजनिक सेवाको कामका लागि आवश्यक वस्तु समान र पूर्वाधार सहज बनाउन सार्वजनिक खरिद चुस्त दुरुस्त हुनु पर्छ ।
जनताको करबाट राज्यको शासन सञ्चालन हुन्छ। जनताबाट प्राप्त हुने स्रोतको अधिकतम सदुपयोग गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नु राज्यको कर्तव्य हो। जनताले आफूले तिरेको करको दुरुपयोग नहोस् भन्नका लागि लेखा परीक्षण सार्वजनिकीकरण हुने गर्छ। जनताको गुनासोप्रति जनप्रतिनिधिले राज्य संयन्त्रको निगरानी गर्ने र सदनमा आवाज उठाउने गर्छन्। सार्वजनिक सरोकारका विषयमा बहस गरी सरकारको कार्यकुशलता बढाउन दबाब दिनु आजको आवश्यकता हो । सेवा प्रवाह प्रभावकारी बनाउन सार्वजनिक आपूर्तिका लागि खरिद सेवा बढाउने र जनतालाई समयसापेक्ष प्रभावकारी सेवा दिने महत्वपूर्ण काममा ध्यान दिनु पर्छ ।
सार्वजनिक खरिदका प्रभावकारी बनाउन सार्वजनिक खरिद ऐन, २०६३ कार्यान्वयनमा छ । ऐनको स्पष्टताका लागि सार्वजनिक खरिद नियमावली, २०६४ आएको छ । नियमावलीमा भएका व्यवस्था सरलीकृत गर्न कार्यविधि र निर्देशिका पनि रहेका छन् । विकास निर्माणमा खरिद प्रक्रिया जटिल भयो विकासमैत्री भएन भन्ने आवाज उठेका छन् । सार्वजनिक खरिदले समयमा गुणस्तरीय काम गर्ने, राज्यको स्रोतसाधनको सदुपयोग गर्ने वातावरण बनाउने र सार्वजनिक निर्माणमा जिम्मेवारी र जवाफदेही हुने एवं राम्रो काम गर्ने व्यवसायीलाई प्रोत्साहन गर्न कानुन समयसापेक्ष परिमार्जन हुनु पर्छ । हालसम्म ऐन दुई पटक र नियमावली १३ पटक संशोधन हुँदा पनि सार्वजनिक निर्माण क्षेत्र विवादरहित हुन सकेको छैन ।

मितव्ययिता, कार्यकुशलता, लागत प्रभावी, गुणस्तर र टिकाउ खरिद गर्ने सार्वजनिक खरिदका मह□वपूर्ण पक्ष हुन्। खरिदका लागि विधिको अझ महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक खरिदका लागि उपलब्धतामा ध्यान दिने, पारदर्शी रूपमा प्रतिस्पर्धा गराउने, वस्तु तथा सेवाको सहजताको ख्याल राख्ने र राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिने कुरा बिर्सनु हुँदैन। सार्वजनिक खरिदमा क्याटलग सपिङ र सरकार टु सरकार खरिद गर्ने प्रावधान पनि छ।

खरिदका लागि बोलपत्रबाट पाँच अर्बसम्म राष्ट्रिय प्रतिस्पर्धाबाट र पाँच अर्बभन्दा माथि अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट गर्न सकिन्छ । सिलबन्दी दरभाउपत्रबाट ५० लाखसम्म औषधी र अन्य २० लाखसम्मको खरिद गर्न सकिने प्रावधान छ । औषधी २५ लाख, परामर्श पाँच लाख अन्य १० लाखसम्म सोझै खरिद गर्न सकिन्छ। निर्माण कार्यको आवश्यकता हेरी एक करोडसम्म स्थानीय उपभोग गर्ने उपभोक्ताबाट गराउन सकिन्छ । लाभग्राहीबिच प्रतिस्पर्धाबाट पनि खरिद गर्न पाउने व्यवस्था छ। क्याटालग सपिङ बाट ६० लाख सम्म खरिद गर्न सकिन्छ। कूटनीतिक सम्बन्धबाट सरकार टु सरकार पनि खरिद गर्न सकिने प्रावधान छ। खरिद प्रक्रियामा खरिद योजना, खरिद एकाइ, खरिदको छनोट गर्न मूल्याङ्कन समिति र खरिदको निर्णायक पदाधिकारीसमेतको व्यवस्था छ । विशेष परिस्थितिमा खरिद गर्नुपर्ने हुँदा त्यस्तो अवस्थाको खरिद व्यवस्थापन गर्न सकिने प्रावधान छ। सुशासनका लागि आवश्यक वस्तु, सेवा आपूर्ति र निर्माण कार्य प्रभावकारी बनाउन खरिद प्रक्रिया चुस्त दुरुस्त पार्न खोजिएको छ ।

खरिद प्रक्रियामा दुविधा पनि छन् । खरिदको प्रभावकारिता कमजोर हुँदा वादविवाद र नोक्सानी बेहोर्नु परेको छ । निर्माण क्षेत्रमा समय व्यवस्थापन र गुणस्तरमा गुनासो धेरै छ । धेरै बजेटको खरिद प्रक्रिया हुने क्षेत्र पूर्वाधार निर्माण भएकाले सुधार गर्न आवश्यक देखिन्छ । काम नगर्ने वा होल्ड गरेर ढिला गर्ने अनि राजनीतिक पहुँचका आधारमा समय थपिरहने जस्ता विषय चर्चामा छन् । सार्वजनिक निर्माणका काममा निर्माण व्यवसायी छनोटदेखि कार्यादेशसम्म केही दुविधा हुँदा निर्माण सम्पन्नसम्मका काममा समस्या देखिएका छन् । निर्माण खरिद अधिक न्यून मूल्यमा स्वीकार गर्ने तर गुणस्तर र समय व्यवस्थापन कमजोर हुँदा राज्यले धेरै नोक्सानी बेहोर्नु परेको छ । निर्माण व्यवसायीले समयमा काम गरको भुक्तानी नपाएका गुनासा पनि छन् । निर्माण कार्यको खरिदपछि ठेक्का बेच्ने प्रचलनलाई कानुनी रूपमा नियन्त्रण गर्न सकिएको छैन । सार्वजनिक पूर्वाधारको समयमा बन्न नसक्दा उपभोग गर्ने अवसरमा पनि नोक्सानी भएको लागत बढेर महँगो आयोजना भई राज्यलाई नोक्सान भएको छ । सार्वजनिक निर्माणको गुणस्तरको समय समयमा जाँच गर्ने र तोकिएको मापदण्डको पूर्ण पालना गर्नु गराउनु पर्छ । योग्य र राम्रो काम गर्ने निर्माण व्यवसायीलाई कार्यसम्पादनको उच्च मूल्याङ्कन गरी सार्वजनिक निर्माणमा रोल मोडल बनाउनु पर्ने देखिन्छ ।

मालवस्तुको खरिद प्रक्रियामा पनि त्रुटि भएको लेखापरीक्षण प्रतिवेदन र स्वयम् प्रयोगकर्ताको गुनासो रहने गरेको पाइन्छ। खरिदका विधिगत व्यवस्थाको पूर्ण परिपालना गराउन सकिएको छैन । खरिद गर्ने विषयमा विधिको पूर्ण पालना गर्ने र सामानको मापदण्डको पालना गर्न परीक्षण गरी उपयुक्त मात्र स्वीकार गर्नु गराउनु पर्छ । खरिदपछि डिजिटल रेकर्ड राख्ने र प्रयोग भएपछि खर्च घटाउने वा सम्भार गर्ने र अनावश्यक पुराना वस्तु लिलाम गर्दै जानु पर्छ । डिजिटल विधिको प्रयोगमा कर्मचारीलाई तालिम दिई खरिदपछिका प्रक्रिया पारदर्शी बनाउन आवश्यक छ।

परार्मश सेवा खरिद गर्दा भएका जनशक्तिको ज्ञानले नभ्याउने र सेवा दिन परामर्श सेवाको आवश्यकता र औचित्य हेरी अर्थात् उक्त कामको विशेष दक्ष भएका व्यक्ति वा संस्थाको परामर्श आवश्यक भए परामर्श सेवा छनोट गरी लिन सकिने व्यवस्था छ । परामर्श सेवाको अनुभव र ज्ञान सँगालेका विज्ञबाट पनि लिन सकिन्छ। हाम्रो परामर्श खरिद व्यक्तिकेन्द्रित भएको आवश्यकता भन्दा दबाबमा पनि हुने गरको भन्ने पनि भनाइ छ । परामर्श सेवा खरिद तल्लो तहका कर्मचारी लिनेमा बढी केन्द्रित भएको गुनासो छ ।

उपभोक्तामार्फत हुने सार्वजनिक निर्माणमा गुणस्तर र उपभोक्ता समिति गठनमा दुविधा देखिने गरेका छन् । एक करोडसम्मको सार्वजनिक निर्माण उपभोक्तालाई दिन सकिने व्यवस्था छ। उपभोग गर्ने समुदायले आफ्नो संरचना बनाउँदा दिगो हुने र आत्मबोध हुने भन्ने मान्यताबाट उपभोक्ता समितिको अवधारणा आएको हो । पछिल्ला दिनमा उपभोक्ता समितिबाट गरिएका काममा विवाद बढ्दो छ। उपभोक्ताले काम जिम्मा लिएपछि अर्को पक्षलाई ठेक्का लगाउने प्रचलन बढ्दो छ। आर्थिक अनिमितता भएका गुनासा बढ्दै छन्। उपभोक्ताको ज्ञान, सिप र कामप्रतिको लगाव एवं स्थानीय स्रोतको प्रयोग गर्ने कार्यमा उपभोक्ताबाट काम गर्ने गराउने व्यवस्थामा ध्यान जानु पर्छ। लाभग्राहीबाट पनि खरिद गर्न सकिने प्रावधान भएको तर व्यवहारमा ल्याउन सकिएको छैन।

सार्वजनिक खरिद प्रभावकारी भए सार्वजनिक आपूर्ति परिणाममुखी हुन्छ। सेवा प्रवाह गर्न आवश्यकताको पूर्ति हुँदा सेवाको सन्तुष्टि भई सुशासनको अनुभूति गर्न सक्ने अवस्था बनाउन सकिन्छ । सार्वजनिक खरिदमा जिम्मेवारीबोध गर्ने र तोकिए अनुसारका खरिद कार्यको गुणस्तर र समयमा आपूर्ति गर्ने वा निर्माण गर्ने कार्य गर्न गराउन राज्य कठोर हुनु पर्छ । खरिद सम्झौताको परिपालना गर्ने राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्नु पर्छ। निर्माण कार्यमा ठेक्का व्यवस्थापनमा सुधार र उपभोक्ताबाट गर्ने कामको बारेमा पुनर्विचार गर्ने गरी कानुनमा सुधार गर्दै जानुपर्ने हुन्छ। असल शासनको अनुभूति गर्न सार्वजनिक खरिद प्रक्रियालाई समयसापेक्ष बनाउन आवश्यक छ।

# सेवाप्रदायकको कार्यशैली



• शिवराम न्यौपाने

सार्वजनिक निकायका माध्यमबाट सरकारले दिने सेवा प्रवाह हुने गर्छ। यस्ता निकायसँग सरोकार राख्ने कर्मचारी एवं गैरकर्मचारीको सेवाग्राहीसँगको व्यवहारले सेवा प्रवाहको प्रभावकारितामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सार्वजनिक सेवाप्रतिको विश्वसनीयता कायम राख्न कर्मचारीले सेवाग्राहीसँग गर्ने व्यवहार र सेवाको गुणस्तर सधैँ गुणस्तरीय हुनु आवश्यक हुन्छ । यसका लागि सरकारले निरन्तर आवश्यक कानुनी एवं संस्थागत सुधारका साथै सेवाप्रदायकको कार्यशैली र व्यवहारमा ध्यान दिई रहेको हुन्छ। नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ। मौजुदा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा प्रशासनिक कार्य गर्दा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता हुनुपर्ने स्पष्ट गरिएको छ । साथै निजामती सेवा ऐन, नियम एवं अन्य सेवा सञ्चालनसम्बन्धी कानुनमा सेवाग्राहीसँग इमानदार भई आचरण र नैतिक अनुशासन रही जिम्मेवारी निर्वाह गर्नुपर्ने सम्बन्धमा स्पष्ट गरिएको छ । सार्वजनिक पदमा रहने राजनीतिक एवं प्रशासनिक पदाधिकारीले सेवा प्रवाह गर्दा भ्रष्टाचारजन्य व्यवहार र कार्यशैली देखाउन नहुने तथ्य सम्बन्धित पदाधिकारीले पालना गर्नुपर्ने आचरणमा समेत स्पष्ट भएको छ । सार्वजनिक सेवा प्रवाहमा भ्रष्टाचारजन्य प्रवृत्ति रहिरहनु सार्वजनिक सेवाप्रतिको विश्वसनीयता गुम्दै जानु हो । यस सन्दर्भमा सार्वजनिक पदमा रहेका राजनीतिक नेतृत्वका साथै कर्मचारीले अनियमित कार्यतर्फको सोच र व्यवहारमा सुधार गर्नु जरुरी छ ।
सार्वजनिक सेवा प्रवाहमा बिचौलियासमेतको मिलेमतोमा कर्मचारी, राजनीतिक नेतृत्व प्रत्यक्ष अप्रत्यक्ष संलग्नतामा घुस लिने दिने प्रवृत्तिमा कमी आउन नसकेको गुनासा कायमै छन् । मूलतः बिचौलिया, ठेकेदार, दलालको उपस्थितिमा राजनीतिक एवं प्रशासनिक पदाधिकारीको मिलेमतोमा सार्वजनिक स्रोत साधनको दुरुपयोग हुने गरेको पाइएको छ । विभिन्न बहानामा सेवा केन्द्रमा पुग्ने गरेका दलाल र बिचौलियाको सार्वजनिक सेवामा हुने गरेको अनावश्यक संलग्नताले भ्रष्टाचारजन्य कार्यलाई बढावा दिएको छ । जनसम्पर्क बढी हुने सरकारी निकायमध्ये मालपोत एवं नापी कार्यालयमा मिलेमतोमा सरकारी, पर्ती, जङ्गल, बुट्यान, गुठी, आदिका जग्गा व्यक्ति वा निजी कम्पनीको नाममा दर्ता गराई बेचबिखन गर्ने, सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गा गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, फिल्डबुक कैफियत महलको विवरणविपरीत छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने जस्ता प्रवृत्ति रहेको विभिन्न प्रतिवेदनमा उल्लेख भएको पाइएको छ ।
सार्वजनिक वा पर्ति जग्गा व्यक्ति, संस्था वा समूहको नाममा गर्ने गलत प्रवृत्ति कायमै छ। जग्गाको कित्ता हालसाबिक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तको नाममा बाँडफाँट गरी बिक्री वितरण गर्ने, सरकारी एवं सार्वजनिक जनिएको जग्गाको नक्कली जग्गाधनी प्रमाणपूर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने, दर्ता स्रेस्ताको कागजात हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, वास्तविक जग्गा धनीको विवरण सच्चाइ नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने, नापीको काम गर्दा, ब्लुप्रिन्ट लिन जाँदा तथा जग्गाको नक्सा ट्रेस उपलब्ध गराउँदा घुस रिसवत माग गर्ने, परीक्षण गर्नुपर्ने कागजात नहेरी स्थानीय तहको घर, बाटो, चार किल्ला प्रमाणितको सिफारिसलगायतका आवश्यक प्रमाण कागजात सङ्कलन गरी राजस्व चुहावट गर्ने प्रवृत्तिमा कमी आएको छैन । जग्गाको मूल्याङ्कन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिस्ट्रेसन शुल्क निर्धारण गर्ने, राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने, मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पारित गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने, सरकारी कागजात अनधिकृत रूपमा नियतवश लुकाउने, नष्ट गर्ने र अभिलेखाङ्कन नगर्ने, जग्गा प्लटिङको नाममा सार्वजनिक पर्ति जग्गासमेत दुरुपयोग गर्नेलगायतका भ्रष्टाचारजन्य प्रवृति भएको गुनासा रहेका छन् ।

सार्वजनिक सेवाका लिनका लागि सहज गराउने उद्देश्यले कार्यालयमा नागरिक बडापत्र, सहायता कक्ष, सेवासम्बन्धी आवश्यक जानकारीका साथै सेवा लिन भर्नुपर्ने फाराम, दिनुपर्ने निवेदनको ढाँचा उपलब्ध हुने गरेको छ । साथै सेवा प्राप्त गर्नका लागि पेस गर्नुपर्ने कागजात, तिर्नुपर्ने शुल्क, दस्तुरलगायतका सेवाका प्रक्रियाका सम्बन्धमा जानकारी दिनका लागि संस्थागत वेबसाइट, सूचना पोर्टलहरूको व्यवस्था गरिएको छ। सार्वजनिक सेवा केन्द्रबाट यस्ता सूचना एवं सहयोगका आधारमा सेवाग्राहीले घुस नदिई आफ्नो काम आफैँले गर्न गराउन सक्ने अवस्था कायम हुँदै गएको देखिन्छ । केही सीमित व्यक्ति समूहको भ्रष्टाचारजन्य सोच व्यवहारका कारण कार्यालयमा भएका यी व्यवस्थालाई गुमराहमा राख्ने र सेवाग्राहीलाई बिचौलियासँग जोडिन बाध्य गराउने गरिएको पाइन्छ । यस्तो कार्यलाई प्रोत्साहन गर्न कार्यालयभित्रैका केही कर्मचारी र बिचौलियाको अदृश्य साँठगाँठले टेवा दिएको पाइन्छ । मूलतः मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगारीका कार्यालय, भन्सार कार्यालय, उद्योग व्यवसायसँग सम्बन्धित कार्यालय, नगरपालिका, गाउँपालिकाका कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग, न्यायालय जस्ता जनसम्पर्क बढी हुने निकायमा बिचौलियाको प्रत्यक्ष संलग्नतामा भ्रष्टाचारजन्य कार्य हुने गरेको गुनासा सेवाग्राहीबाट बारम्बार आउने गरेको छ ।

शान्ति सुरक्षाको आवश्यक प्रबन्धका लागि गृह प्रशासनको भूमिका उल्लेखनीय छ । समाजमा देखिएको अराजकता, बढ्दो नकारात्मक सोच र व्यवहार, नैतिक अनुशासन र कर्तव्यको ह्रासलगायतका विषयले शान्ति सुरक्षाको कार्यलाई चुनौतीपूर्ण बनाएको छ । गृह प्रशासनको कार्यक्षेत्र बृहत् र संवेदनशील भएको साथै यसतर्फ जनताको र भरोसासमेत ठुलो छ। समग्र शान्ति सुरक्षाको क्षेत्रमा भएको सेवा प्रवाहमा समेत सेवाग्राहीको गुनासो कायमै छ । मूलतः कालोबजारी, कृत्रिम मूल्य वृद्धि, अस्वस्थ खाद्यवस्तु, प्राकृतिक स्रोतको उत्खनन र ओसारपसारलगायतका क्षेत्रमा गुनासा भएको पाइन्छ । सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा उत्तीर्ण गराइदिने भनी घुस रिसवत लिने, सडक दुर्घटनामा घुस र रिसवत लिई नक्कली चालक खडा गरी गलत अनुसन्धान प्रतिवेदन तयार पार्ने गरिएको गुनासा रहेका छन् । दैवीप्रकोप उद्धार राहत सामग्री खरिदमा अनियमितता गर्ने, सुरक्षाको नाममा तोकिएको प्रक्रियाको पूर्ण पालना नगर्ने, यात्रा अनुमति दिन नहुने व्यक्तिलाई समेत घुस रिसवत लिई यात्रा अनुमति प्रदान गर्ने, नागरिकता प्रदान गर्न नहुने व्यक्तिलाई समेत नागरिकता प्रदान गर्नेलगायतका अनियमित कार्य हुने गरेको विभिन्न प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। यसरी हुने गरेका अनियमित कार्यमा कमी आउन नसकेका कारण सेवाग्राहीको सरकारप्रतिको विश्वास कमजोर हुँदै गएको छ।
शिक्षा, स्वास्थ्य, सुरक्षा, खाद्यान्न जनताका आधारभूत आवश्यकता हुन् । स्वास्थ्य सेवामा हुने भ्रष्टाचारजन्य प्रवृत्ति अन्य क्षेत्रभन्दा स्वाभाविक रूपमा बढी नोक्सानपूर्ण हुने हुन्छ। स्वास्थ्य क्षेत्रको सार्वजनिक सेवा प्रवाह प्रभावकारी नभएको गुनासा सङ्घीय तहदेखि स्थानीय तहसम्म कायमै रहेका छन् । तिनै तहका सरकारले औषधी खरिद गर्दा वार्षिक आवश्यकताका आधारमा टेन्डर गर्नुपर्नेमा गर्न नसकेको, पूर्वतयारी समयमै नगरी आपत्कालीन अवस्था सिर्जना गराई खरिद गर्ने गरेको, ठुलो परिमाणमा खरिद गरेको देखाई स्टोर दाखिला कागजी रूपमा मात्र गर्ने गरेको, यथार्थभन्दा बढी सङ्ख्या देखाई सुत्केरी भत्ताको रकम हिनामिना गर्ने गरेको, कागजी रूपमा एउटै कार्यक्रम पटक पटक सञ्चालन गरेको देखाई रकम निकासा गर्ने गरेको, नक्कली बिलका आधारमा सञ्चालन नै नभएको कार्यक्रमको भुक्तानी लिने दिने गरेको जस्ता भ्रष्टाचारजन्य प्रवृत्ति हुने गरेको गुनासा छन् ।

नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड पूरा नगरेका मेडिकल र नर्सिङ कलेजलाई सञ्चालन गर्ने अनुमति दिने, मेडिकल कलेजहरूले मेरिट लिस्टमा नपरेका विद्यार्थीलाई भर्ना गर्ने र चर्को शुल्क लिने, सरकारी संस्थामा दिनुपर्ने समय नदिएर निजी स्वास्थ्य संस्थामा कार्य गर्ने, राज्यले निःशुल्क वितरण गर्ने भनेको औषधीसमेत निजी क्लिनिकबाट बिक्री गराउने, अपराधका घटनाको स्वास्थ्य परीक्षण गर्दा गलत प्रतिवेदन दिने, सार्वजनिक खरिद ऐनको व्यवस्थाविपरीत औषधी । स्वास्थ्य उपकरण खरिद गर्नेलगायतका प्रवृत्ति हुने गरेका गुनासा पनि छन् । यस्ता कार्यमा बिचौलियाको प्रत्यक्ष/परोक्ष सहभागिता हुने गरेका कारण भ्रष्टाचारजन्य कार्यको निगरानी एवं नियन्त्रणको जिम्मेवारी निर्वाह गर्न कठिनाइ हुने गरेको छ ।
सुशासनको प्रत्याभूतिका लागि सरकारले निरन्तर कार्य गरिरहेको छ । सरल, सहज, सुपथ र गुणस्तरीय सेवा प्राप्त गर्नु जनताको वर्तमान आवश्यकता र अधिकार पनि हो । सार्वजनिक सेवा प्रवाहको गुणका आधारमा जनताले सरकारको क्षमताको वास्तविक मूल्याङ्कन गर्ने भएका कारण यसबाट सरकारले जनताको विश्वास हासिल गर्न सक्छ । सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य प्रवृत्तिमा कमी आउन नसकेको तथ्य विभिन्न प्रतिवेदनले उल्लेख गरेका छन्। साथै सेवा केन्द्रमा देखिने गरेको सेवाग्राहीको विरोध एवं गुनासाले समेत यस तथ्यलाई पुष्टि गरेको छ । बिचौलिया, दलाल, कर्मचारीसमेतको मिलेमतोका कारण मुलुकमा भ्रष्टाचार संस्थागत हुँदै गएको छ। यसको नियन्त्रणका लागि सेवाग्राहीले सेवा केन्द्रको नागरिक बडापत्र अनुसरण गर्ने, कार्यालयको सहयोगी कक्षबाट सहयोग लिई आफैँले सेवा प्राप्त गर्न प्रयास गर्ने, तोकिएको शुल्क मात्र बुझाउने, बिचौलियालाई सेवा प्रवाहको प्रक्रियामा निषेध गर्ने, भ्रष्टाचारजन्य कार्यको तुरुन्त उजरी गर्ने जस्ता कार्यलाई महत्व दिनु आवश्यक छ । यसका लागि राजनीतिक नेतृत्वको सोच एवं व्यवहार र कर्मचारीतन्त्रको कार्य प्रवृत्तिमा सुधार हुनु जरुरी छ ।

# गरिब र कानुन



• प्रकाश अधिकारी

नेपालको संविधान र संविधान अन्तर्गतका ऐन, नियम, विनियम र आदेशहरू जसका लागि बनाइन्छन् ती सर्वसाधारण नागरिक अधिकांशतः निरक्षर, औँठाछाप र गरिब छन् तर, कानुनको अज्ञानता कसैका लागि कुनै बहाना हुन सक्दैन । अमेरिकाका ३६औँ राष्ट्रपति लेण्डन जोन्सनको एउटा मार्मिक भनाइ छ, 'एउटा मानिस दोषी भएर जेल परेको हुँदैन; उसले सजाय पाएर पनि जेल परेको हैन; ऊ सजाय भुक्तान नगरी भाग्ला की भनेर पनि जेलमा राखिएको हैन । एउटै कारणले ऊ जेलमा छ, त्यो कारण हो ऊ गरिब हुनु' । धन लुकाउन सकिन्छ तर गरीवी लुकाउन सकिन्न । हाम्रो समाजमा अपराध गर्ने र जेल जानेमा ठूलो हिस्सा निम्न मध्यम वर्गको रहेको छ । गरिबको समस्या दरिद्रता, अशिक्षा, आर्थिक पछौटेपन र साधनविहीनता हो । गरिबीमा बाँच्नुको अर्थ निरन्तर हिंसाको खतरामा बाँच्नु पनि हो । कानुन-व्यवस्था दुरूस्त रही अपराध घटेर समाजमा अमनचयन कायम हुँदाको सबैभन्दा धेरै लाभ गरिबले पाउँछ ।

गरिब हुनाले शिक्षा, स्वास्थ्य र पहुँचको पूर्वाधार विकास नभएको दुर्गम, पिछडिएको र गरिबहरूकै बाहुल्य भएको क्षेत्रमा बसोबास हुन्छ । नजिक विद्यालय हुँदैन, छ भने पनि गुणस्तरीय शिक्षा पाउनबाट बालबालिका बञ्चित रहन्छन् । गरिबीको कारण बालबालिका नियमित विद्यालय जान पाउँदैनन्, घरको काम वा मजदुरी गरेर परिवारलाई सघाउनु पर्छ । राम्रो शिक्षा नपाएपछि राम्रो रोजगारीबाट बञ्चित हुनुपर्छ । आर्जन कम हुँदा पोषणयुक्त खाना हुँदैन । पोषणयुक्त खानाको अभावमा राम्रो स्वास्थ्य हुँदैन । स्वास्थ्यमा समस्या परेमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुँदैन । स्वस्थ नभएपछि कमाइ थोरै हुन्छ । शिक्षाको अभावमा अधिकारबारे चेतना नहुँदा शोषण हुन्छ । गरिबीको यो दुष्चक्र चलिरहन्छ ।

गरिबी दुर्दशा पनि हो । गरिबसँग अपरिचित कोही छैनन् । गरिबसँग अनभिज्ञ पनि कोही छैनन् । गरिबलाई बिरलै विश्वसनीय, भरोसायुक्त र इमानदार मानिन्छ । मालिक/रोजगारदाता, धनी, सरकारी कर्मचारी र सरकार निर्धनीलाई घृणा गर्छन् । गरिबलाई अल्छि, अकुशल र समाजको बोझ मानिन्छ । उनीहरूलाई हरतरहले सताइन्छ, अपमानित गरिन्छ र भेदभाव गरिन्छ । गरिबको प्रतिनिधित्व गर्ने कोही हुँदैन, त्यसैले उनीहरू शक्तिहीन हुन्छन् । नेताहरू निर्धन र सुकुम्बासीका लागि सार्वजनिक मञ्चमा आँसु चुहाउँछन् तर तिनै सुकुम्बासीलाई उठीबास लाउँछन् र 'हुनेखानेहरू' पक्षमा हुने गरी नीति र कानुन तर्जुमा गर्छन् । गरिबसँग सामूहिक शक्तिको अभाव हुन्छ र जब जब स्थानीय स्तरमा राजनीतिक, आर्थिक र सामाजिक शक्तिशाली समूहबिरुद्ध एकजुट हुन प्रयास गर्छन् उनीहरू आफ्नो आधिपत्यमा खतरा देख्छन् र निर्धनलाई कुल्चिदिन्छन् । गरिबसँग बैङ्कमा धितो राखेर ऋण लिन जेथा नहुँदा उच्च ब्याज दरमा धनीसँग ऋण लिनुपर्छ । सरकारी कार्यालयमा गरिबको काम र गुनासोका बारे बिरलै ध्यान दिइन्छ । अपराध घटित हुँदा प्रहरी सबैभन्दा पहिला गरिब बस्तीमा पुग्छ, मानौँ अपराध गरिबले मात्र गर्छन् । समाजको प्रत्येक स्तरमा निजहरू प्रति गरिने प्रतिकूल व्यवहारले गरिबको आत्मछविलाई गिराउँछ, उनीहरूमा हीन भावनाले जन्म लिन्छ र गरिबीबाट उम्कन श्रोत र साधन जुटाउने निजहरूको जमर्कोमा रोक लगाउँछ ।

गरिबको अर्थ देश, काल र परिस्थितिमा निर्भर रहने गर्छ । नेपलको कानुन अनुसार गरिब भनेको नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्यजस्ता मानव विकासका सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समूह हो (गरिबी निवारण ऐन) । यो परिभाषा व्यक्तिको आय, उपभोग र क्षमताको कोणबाट गरिएको छ ।

कानुन समानता हो, गरिबी असमानताको प्रदर्शन । कानुन अधिकार हो, दया, स्नेह, सहानुभूति र करुणा हैन । गरिब-धनी, विपन्न-सम्पन्न, निरक्षर-साक्षर, गाउँले-शहरिया, सक्षम-असक्ष, सबैलाई कानुन चाहिन्छ । समय र समाज बदलिएसँगै नयाँ कानुन बनाइन्छ र संविधान-कानुन संशोधन गरिन्छन् । विगतमा कानुनको सहारा लिएर सर्वसाधारणको दमन र शासक वर्गको पृष्ठपोषण गरिन्थ्यो । अहिले समाजको प्रभुतासम्पन्न वर्ग आफ्नो अस्तित्व बचाइ राख्न वा बनाइ राख्नको लागि कानुन बनाउने गर्छ भनिन्छ ।

विधायिकाले बनाएको कानुनको अधीनमा रही कार्यकारीले उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी नागरिकलाई स्वच्छ, तर्कसंगत, समान र भेदभावरहित ढङ्गबाट सेवा, सुविधा वितरण गर्छ भने अदालतले कसूरदारलाई दण्ड र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँछ । प्रचलित फौजदारी कानुन अनुसार अदालतले तोकेको धरौट वा जमानत दिन नसक्ने अभियुक्तलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्छ । गरिब अभियुक्तले धरौट वा जमानत दाखिला गर्न नसकी थुनामा बस्नु पर्छ । गरिबले अपराध गरेको ठहर नहुँदै अपराधी सरह सजाय भोग्नु पर्छ ।

एक वा एक वर्षभन्दा घटी कैदको सजाय भएको कसूरमा पहिलोपटक कसूरदार ठहरी कैदको सजाय ठहर भएको कसूरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैदबापत दिनको तीन सय रुपियाँका दरले रकम बुझाउन लगाइ कैदमा बस्न नपर्ने सुविधा दिनु पर्ने कानुन छ । अदालतको फैसला बमोजिम लागेको जरिबाना एवं असूलउपर हुन नसकेको सरकारी बिगो र दुनियाको क्षतिपूर्ति एवं बिगो बापतको रकम दाखिला गर्न नसक्नेलाई कैद ठेकी असूलउपर जनाइन्छ । अर्थात् कैद बापतको रकम, जरिबाना, बिगो र क्षतिपूर्ति बुझाउन नसक्ने गरिबले कैदमा बस्नुपर्छ ।

सम्पत्तिको विषयमा अदालतको सेवा लिने मानिसले सोबापत अदालती शुल्क भनेर दाबी बिगोको प्रतिशतका आधारमा राजश्व दाखिला गर्नुपर्छ । पचास हजार रुपियाँसम्मको बिगो भएमा सयकडा पाँचका दरले अदालती दस्तुर लाग्छ । यसपछिको बिगो अङ्कमा एक लाखसम्म, पाँच लाखसम्म, पच्चीस लाखसम्म र पच्चीस लाख माथि जतिसुकै गरी ६ वर्गमा छुट्याइएको छ । पच्चीस लाखभन्दा माथि जतिसुकै बिगो भएपनि बढी अङ्क जतिको लागि सयकडा एकका दरले अदालती शुल्क लाग्छ । सामान्यतः गरिबसँग सम्बन्धित मुद्दा घटी बिगोका हुन्छन् । गरिबले अदालती सेवा प्राप्त गर्न बढी दस्तुर बुझाउनु पर्छ ।

नितान्त गरिब भई लाग्ने अदालती शुल्क सबै वा केही बुझाउन असमर्थ छ भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार भएमा वा झगडा परेको बस्तु बाहेक अरु जायजेथा केही नभई शुल्क दाखिला गर्न असमर्थ छ भन्ने देखिएमा मुद्दा फैसला भएपछि शुल्क लिने गरी सुविधा दिन सकिने व्यवस्था कानुनमा गरिएको छ तर त्यसका लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आउनुपर्ने शर्त तोकिएको छ, मिनाह दिन सकिने व्यवस्था छैन ।

अविकसित अर्थतन्त्रमा आयकर जस्तो प्रत्यक्ष करको तुलनामा अप्रत्यक्ष करको योगदान बढी हुन्छ । मुख्य गरेर भन्सार बिन्दुमा असूल गरिने महसूल र कर राजश्वको मूल श्रोत रहिआएको छ । आयको आधारमा नभएर सेवा र बस्तुको प्रयोग गरेबमोजिम गरिब धनी सबैबाट एकनासले अप्रत्यक्ष करको भागसान्ति असूलउपर गरिन्छ । धनी गरिबले समान रुपले प्रयोग गर्नु पर्ने औषधि, इन्धन, खाद्य बस्तुहरू, सार्वजनिक सवारी भाडा र सरकारी शिक्षा एवं स्वास्थ्य सेवा धनी र गरिबले एकै मूल्यमा खरिद गर्नु पर्छ ।

नेपालको संविधानमा गरिब शब्दको प्रयोग भएको छैन तर प्रयुक्त शब्दावली गरिब सादृश्य छन् । प्रस्तावनामा उल्लेख भएका कुराहरू कार्यरुपमा साकार पार्न गरिब र धनी सबैलाई सम्मानपूर्वक बाँच्न पाउने, कानुनको दृष्टिमा समान हुने र कानुनको समान संरक्षण पाउने मौलिक हक सुनिश्चित गरिएको छ । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, उत्पीडित र पिछडा वर्ग, सीमान्तकृत, श्रमिक, अशक्त वा असहाय, पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न खस आर्य नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि सकारात्मक विभेद गर्न सकिने अवधारणाबाट "समानता समानहरूका बीच" मात्र हुने कुराको प्रत्याभूति संविधानमा छ ।

असुरक्षाको भावना र कुण्ठा गरिबीको आयाम भित्र पर्छ । भयबाट मुक्त भएपछि मात्र धनी, गरिब सबैले जीवनयापनका गाँस, बास र आवासको खोजी गर्छन् । सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नुपर्ने राज्यको प्राथमिक दायित्व पूरा गर्न सार्वजनिक सुरक्षा ऐन र विभिन्न फौजदारी कानुनहरू क्रियाशील छन् । गाँसको सुनिश्चितताका लागि गाँस फलाउने जमीन एक पटक भूमिहीन दलितलाई राज्यले उपलब्ध गराउनु पर्ने मौलिक हक संविधानमा छ । भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान एवं साधन सुलभ गराउने वचनबद्धता भूमिसम्बन्धी कानुनद्वारा राज्यले गरेको छ । "गाँस" अन्तर्गतको खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन लागू गरिएको छ ।

छाहारी (बासस्थान) अभाव भएका नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउन आवासको अधिकारलाई ऐनद्वारा सुरक्षित पारिएको छ । आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर-जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय वा प्रयासबाट आवासको प्रवन्ध गर्न नसक्ने एवं प्राकृतिक बिपत्तिबाट बिस्थापितलाई प्राथमिकीकरण गरी राज्यले आवासको सुविधा उपलब्ध गराउनु पर्छ भन्ने कानुनको व्यवस्था छ ।

न्यायमा गरिबको पहुँच सुनिश्चित गर्न राज्यले निःशुल्क कानुनी सहयोग उपलब्ध गराउने सरकारी नीति, योजना र कार्यक्रम देखिन्छन् । चालीस हजार रुपियाँभन्दा कम वार्षिक आय भएको भनी स्थानीय तहले सिफारिस गरेको व्यक्तिलाई जिल्ला स्तरमा रहेको कानुनी सहायता समितिले कानुनी सरसल्लाह दिन्छ; निःशुल्क फिराद, प्रतिउत्तर पत्र मसौदा गरिदिन्छ । कानुन व्यवसायी नियुक्त गर्न नसक्ने सरकारबादी फौजदारी कसूरका अभियुक्तलाई निःशुल्क कानुनी राय सल्लाह दिन र निजको तर्फबाट बहस पैरबी गर्न प्रत्येक अदालतमा अधिकृत स्तरको पारिश्रमिक दिई एक जना वैतनिक वकिल रहन्छ ।

व्यक्ति, सरकार, गैरसरकारी संस्था र उद्योगपति बीचको सहकार्यबाट निर्धनतामा प्रहार गर्न सकिन्छ । गरिबका प्रति मानवतावादी चिन्तन जति आज छ त्यति कहिलै थिएन । सम्पत्तिको न्यायोचित वितरण र सामाजिक सुरक्षा प्रणालीद्वारा गरिबीको अन्त्य गर्ने राज्यको मूल नीति रहने गरेको छ । गरिबी निवारण केवल आर्थिक उत्थानको प्रश्न मात्र नभएर एक सामाजिक र राजनीतिक विषय पनि हो, जसको सम्बन्ध व्यक्तिको राजनीतिक-सामाजिक चेतनाको स्तरसँग हुन्छ । संयुक्त राष्ट्र संघको "सहश्राब्दी घोषणा"को एउटा प्रमुख एजेण्डा गरिबी निवारण हो र राष्ट्र संघको मानव अधिकार आयोगका अनुसार मानव अधिकारको प्रत्याभूति, सामाजिक न्याय र सेवासम्मको समान पहुँच कायम गर्नु गरिबी निवारणका लागि अत्यावश्यक छ ।

# कृषि कर्जाको अनुदानका लागि बैंक तथा वित्तीय संस्था छनोट



झापा(प्रस) । कृषि र पशुपालनमा अनुदानको दुरुपयोग बढेको गुनासो बढेपछि कोशी प्रदेश सरकारले ब्याजमा अनुदान दिने कार्यविधि कार्यान्वयनमा ल्याएको छ । कार्यविधिमा उल्लेख भएअनुसारको मापदण्ड पूरा गरेका ८ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक र १० वटा सहकारी तथा साना किसान लघुवित्त संस्था छनोट भएका छन् ।

चालु आर्थिक वर्षदेखि मन्त्रालयले व्यवसाय प्रवर्द्धनका लागि सोझै दिने अनुदानको कार्यक्रम परिमार्जन गरी ब्याज अनुदान उपलब्ध गराउने कार्यविधिमा उल्लेख छ । कृषि उत्पादन, बजारीकरण, प्रशोधनका लागि विभिन्न बैंक, वित्तीय संस्थाबाट ऋण लिने र निश्चित प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने कार्यविधि स्वीकृत गरेर अगाडि बढाएको कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता वरिष्ठ कृषि विकास अधिकृत पशुपति पोखरेलले जानकारी दिए ।

उनका अनुसार कृषि कर्जा प्रवाहका लागि मन्त्रालयले ८ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक, राष्ट्रिय सहकारी बैंक र साना किसान लघुवित्त संस्था छनोट गरेको छ । जसमा नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, लक्ष्मी सनराईज बैंक, ग्लोबल आइएमई बैंक, नेपाल बैंक लि., सिद्धार्थ बैंक, एसबीआइ बैंक छन् । यस्तै एक्सेल डेभलपमेन्ट बैंक लि., मुक्तिनाथ विकास बैंक लि., राष्ट्रिय सहकारी बैंक लि, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. पनि कृषि कर्जाका लागि छनोट भएका छन् । विभिन्न जिल्लाका बहुद्देश्यीय तथा कृषि सहकारी पनि कृषि कर्जाका लागि छनोट भएका छन् ।

कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम सञ्चालनका लागि इच्छुक बैंक तथा वित्तीय संस्थालाई गत माघ ४ गते र २१ गते प्रस्ताव आह्वान गरिएको थियो । सो प्रस्तावलाई फागुन ६ गते बसेको प्रदेशस्तर अनुदानग्राही छनोट समितिको बैठकले बैंक, वित्तीय संस्था, सहकारी संस्था छनोट गरेको हो । कर्जा स्वीकृतिका लागि तोकिएका पशु सेवा कार्यालय वा कृषि ज्ञान केन्द्रबाट सिफारिस गरिएको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ । कृषक, कृषिसँग सम्बन्धित व्यवसायी र उद्यमीहरूले छनोट भएका बैंक तथा वित्तीय संस्थासँग सम्झौता गरेर ऋण लिन पाउने कार्यविधिमा उल्लेख छ । 'व्यवसायको सम्भावना र चुनौती हेरेर प्रदेश सरकार कृषि मन्त्रालय मातहतको कृषि ज्ञानकेन्द्र तथा विज्ञ केन्द्रले गरेको सिफारिसका आधारमा बैंकले कर्जा लगानी गर्नेछन्,' कृषि मन्त्रालयका प्रवक्ता पोखरेलले भने, 'प्रत्येक तीन महिनामा प्रदेश सरकारले तोकिएको ब्याज अनुदान सोझै बैंकलाई दिन्छ ।'

# बनियानीको दुईवटा पसलमा राजस्व कार्यालयको छापा

झापा(प्रस) ।झापाको कचनकवल गाउँपालिकाको बनियानी बजारमा रहेको दुईवटा पसलमा राजस्व अनुसन्धान कार्यालय इटहरीले बिहीवार छापा मारेको छ । अवैध रुपमा कारोबार गर्दै आएका व्यवसायी अरुण साहले संचालन गरेको ज्योति कपडा पसल र एके सप्लायर्समा राजस्व अनुसन्धान कार्यालय इटहरीले छापा मारेको हो । भन्सार छली गरी भारतबाट सामान ल्याएको सुराकीको आधारमा राजस्व अनुसन्धान कार्यालय तथा सशस्त्र प्रहरीको संयुक्त टोलीले छापा मारेको हो। करिब ३ घण्टासम्म चलेको अपरेसनबाट उक्त पसलको सम्पूर्ण कागजातहरु छानबिनका लागि लगिएको छ। पसलको माथिल्लो तला राजस्व कार्यालयले सिल गरेको छ। यसअघि गत कात्तिक महिनामा साहकै गोदामबाट ४७ लाख रुपैयाँ बराबरको राजस्व छली गरी ल्याइएका अवैध कपडा प्रहरीले बरामद गरेको थियो । इलाका प्रहरी कार्यालय बनियानीको कार्यालयसंग जोडिएको गोदाममा साहले ती अवैध सामान राखेका थिए । नेपाल भारतको खुला सिमानाको फाइदा उठाउँदै तस्करहरुले अवैधरुपमा ओसार पोसार गर्ने गरेका छन् ।

# इक्युवालिटी कप क्रिकेटको उपाधि मोरङलाई

झापा(प्रस)।
नेपाल क्रिकेट फाउण्डेशनको आयोजनामा विराटनगर ६ मा रहेको म्यारिलिबोन ज्वाला क्रिकेट मैदानमा भएको चौथौं संस्करणको इक्वालिटी कप क्रिकेट प्रतियोगिताको उपाधि साविक विजेता मोरङले जितेको छ । बिहीवार भएको फाइनल खेलमा सप्तरीलाई ८ विकेटले पराजित गर्दै लगातार तेस्रो पटक उपाधि जितेको हो । पहिलो संस्करणमा मोरङले झापासँग पराजित भएयता लगातार उपाधि जित्दै आएको छ । टस हारेर ब्याटिङ गरेको सप्तरीले निर्धारित २० ओभरमा ९ विकेट गुमाई ८१ रन जोडेको छ । सप्तरीकी साक्षी यादवले २८ रन बनाउँदा दिपा रामले अविजित १५ रनको योगदान दिइन् । मोरङकी प्लेयर अफ फाइनल क्रितिषा धामीले ५ विकेट लिइन् । उनले किफायती बलिङ गर्दै ४ ओभरमा १ मेडन राख्दै ९ रन दिइन् । धामीबाहेक बन्दना राजवंशीले ३ विकेट लिइन् । ८२ रनको लक्ष्य पछ्याएको मोरङले ११ दशमलव १ बलमा २ विकेट गुमाई सो विजयी लक्ष्य पार गरेको थियो । मोरङको जितमा सानु राजवंशीले अविजित ४० रन बनाउँदा कप्तान टिका साहले १५ रनको योगदान दिइन् । सप्तरीकी साक्षी यादवले १ विकेट लिँदा अपेक्षा यादवले पनि १ विकेट लिइन् । प्रतियोगिताको प्लेयर अफ सिरिज सिरहाकी सरस्वती चौधरी घोषित हुँदा उत्कृष्ट ब्याटर सप्तरीकी साक्षी यादव, उत्कृष्ट बलर मोरङकी क्रितिषा धामी र उत्कृष्ट विकेट किपर मोरङकी प्रिंसा राना मगर घोषित भए । म्यारिलीबोन क्रिकेट क्लब फाउण्डेशन र क्रिकेट विथआउट बाउण्ड्रीजको सहयोगमा क्रिकेटमा महिलाको सहभागिता अभिवृद्धि अभियानअन्तर्गत इक्युवालिटी कप क्रिकेट आयोजना भएको हो ।
विजयी तथा अन्य खेलाडीलाई प्रमुख अतिथि कोशी प्रदेश क्रिकेट संघका अध्यक्ष सर्वजितराज पाण्डे, मोरङ जिल्ला क्रिकेट संघका अध्यक्ष महमद साद बाबु र नेपाल क्रिकेट फाउण्डेशनका अध्यक्ष अभिशेख श्रेष्ठलगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।